भूमि समस्या समाधान समिति

जिल्ला भूमि समस्या समाधान समिति डडेल्धुरा

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०६/१६)

उपरोक्त सम्बन्धमा भूमि समस्या समाधान समितिको च. नं.२७४ मिति २०८३/०६/१५ गतेको पत्रानुसार जिल्ला भूमि समस्या समाधान समितिको लागि १ जना कम्प्यूटर अपरेटर (विविध सेवा, रा.प.अनं.प्रथम श्रेणी) पदमा (खुला प्रतिस्पर्धा द्वारा) सेवा करारमा पदपूर्ति गर्ने प्रयोजनका लागि तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र निवेदन दिनु हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क.सं. | पद | सेवा, श्रेणी | प्रकार | माग सङ्ख्या |
|---|---|---|---|---|
| १ | कम्प्यूटर अपरेटर | विविध सेवा,रा.प.अनं.प्रथम श्रेणी | करार | १ |

१. **न्यूनतम शैक्षिक योग्यताः**मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Skilled Manpower को लागि संचालित ६ महिनाको कम्प्युटर तालिम प्राप्त ।

२. **दरखास्त दिने अन्तिम मितिः-** २०८३/०६/१६ गते देखी २०८३/०६/२२ गते कार्यालय समय भित्र (अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट)

३. **छनौटको किसिम :** लिखित परीक्षा, प्रयोगात्मक/सीप परीक्षण तथा अन्तर्वार्ता हुनेछ ।

४. **आवेदनसाथ संलग्न कागजातहरू :**आवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपि।

क) नागरिकता

ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाण पत्र

ग) चारित्रिक प्रमाणपत्र

घ) कम्प्यूटर तालिमको प्रमाण पत्र (शैक्षिक योग्यतामा कम्प्यूटर विषय नभएको हकमा)

ङ) २ प्रति पासपोर्ट साईज फोटो

५. **पाठ्यक्रम :** लोकसेवा आयोग नेपाल विविध सेवा, राजपत्र अनंकित प्रथम श्रेणी, कम्प्यूटर अपरेटर पदको खुला प्रतियोगितात्मक परिक्षाको प्रथम पत्रको पाठ्यक्रम – १०० अङ्क, प्रयोगात्मक सीप परिक्षण – २५ अङ्क (Devanagari Typing – 5 Marks, English Typing – 5 Marks, Electronic Spreadsheet – 10 Marks, Presentation System – 5 Marks) र अन्तर्वार्ता – २० अङ्क अनुसार ।

६. **सेवा सुविधा तथा अन्य :** सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम हुने।

७. **तलब भुक्तानी गर्ने निकाय :** भूमि समस्या समाधान समिति, ताहाचल काठमाडौं ।

८. **काम गर्नुपर्ने स्थानः**जिल्ला भूमि समस्या समाधान समिति डडेल्धुराको कार्यालय वा सो कार्यालयले खटाएको जिल्ला भित्रको स्थान।

९. **उमेरको हद :**पुरुष उम्मेदवारको हकमा आवेदन दिने अन्तिम मिति सम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिला उम्मेदवारको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

१०. परीक्षा मिति :मिति २०८३ असोज २४ गते शनिबार बिहान ८ बजे ।

११. परिक्षा हुने स्थान : जिल्ला समन्वय समितिको कार्यालय डडेल्धुरा ।

१२. उल्लिखित पदमा दरखास्त दिँदा कुनै दस्तुर लाग्ने छैन ।

१३. दरखास्त फाराम पाउने र बुझाउने स्थान : जिल्ला भूमि समस्या समाधान समिति डडेल्धुराको कार्यालय।

२०८३/०६/१६

ई. दिनेश विश्वकर्मा
सदस्य सचिव